अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

चन्द्रपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ८ संख्या २ मिति : २०८१/०२/०१

भाग -२

चन्द्रपुर नगरपालिका

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण आचार संहिता २०८१

नगर कार्यपालिकाबाट स्विकृत मिति : २०८१/०१/१३

प्रमाणित मिति : २०८१/०१/१४

चन्द्रपुर नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्य गर्न **आचार संहिता** व्यवस्था गरी लै.स.सा.स. मूलप्रवाहीकरण गर्न आवश्यक कार्य गर्न साथै लै.स.सा.स. सुनिश्चितताको लागि सूचकमा आधारित अनुगमन तथा निरीक्षण एवम् मूल्याङ्कन गर्दै कार्य प्रभावकारीता ल्याउन र नेतृत्वदायी भुमिका अवलम्बन गर्न लै.स.सा.स. आचार संहिता लागु गर्न वान्छनीय भएकाले चन्द्रपुर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ बमोजिम चन्द्रपुर नगरपालिका नगर कार्यपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण आचार संहिता तर्जुमा गरेको छ ।

Scanned with CamScanner

## चन्द्रपुर नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण आचार संहिता २०८१

- पालिकाको भौतिक पूर्वाधार तथा संरचना र कार्यप्रणाली महिलामैत्री, अपाङ्गमैत्री, बालबालिकामैत्री, जेष्ठ नागरिक मैत्री, यौनिक तथा लैङ्गिक अल्पसंख्यक मैत्री हुने व्यवस्था गरिने र पूर्व निर्मित संरचनाहरुलाई तदनुसार व्यवस्था मिलाईनेछ।
- पालिकाले सेवा दिदा औपचारिक, संवेदनशील भाषा, भद्र र सिष्ट व्यवहार गर्नु पर्नेछ। लैंङ्गिक विभेद हुने र सामाजिक रुपमा गाली गलौज हुने किसिमको शब्दावली प्रयोग गर्न पाउने छैन। यदि विभेदपूर्ण व्यवहार गरेमा उजुरी दिने व्यवस्था छ र उजुरी परेमा कारवाही गरिनेछ।
- पालिकाले सेवा दिदा वा नागरिकहरुले सेवा लिंदा लैंङ्गिक विभेद, हिंसा र बन्चितीकरण वा सिमान्तकृत हुने व्यवहार गर्न पाईने छैन, गरेमा सो अवस्थाको उजुरी दिने व्यवस्था छ र उजुरी परेमा कारवाही गरिनेछ।
- पालिकाले दिने सेवा, सुविधा र सेवा लिने स्थानबारेमा नागरिक वडापत्र वा अन्य माध्यमबाट सबै नागरिकलाई सुसुचीकृत हुने गरी सचेत गराइनेछ। कुनै अवस्थामा सहयोग चाहिएमा सोधपुछ कक्ष वा सम्पर्क व्यक्ति र हेल्प डेक्सको व्यवस्था गरी सो अनुरुप सहयोग गरिनेछ।
- पालिकाका कर्मचारी र पदाधिकारी सम्बन्धी आचार संहिता स्विकृत गरी वेभसाईट र अरु प्रचार प्रसारको माध्यमबाट सबै नागरिहरुलाई सुसुचीकृत गरिनेछ। यदि आचार संहिता उलंघन गरेमा वा भएमा नियम बमोजिम कारवाहि गरिनेछ।
- कार्यालयमा हुने हरेक क्रियाकलापहरुको प्रभावकारी र पारदर्शीरुपमा सूचना प्रबाह गरिनेछ।
- पालिकाको परिषदमा सि.सि क्यामेराको व्यवस्था गरेको छ यदि केहि अभद्र व्यवहार भएमा वा आफ्नो ईच्छा विपरित कर्मचारी वा पदाधिकारी बाट सेवा लिन आउने नागरिकहरु र विशेष गरि महिला, बालिका, अपाङ्गता भएको व्यक्ति वा लैङ्गिक तथा यौनिक अल्पसंख्यकबाट फाइदा उठाउन खोजेमा आफै वा अरु पर्यवेक्षकबाट उजुरी दिन सक्नेछ र उजुरी गरेपछि नियम अनुसार कारवाही गरिनेछ।
- कुनै लिङ्ग, वर्ण, भाषा, धर्म, संस्कृति, जनजाती वा आस्थाका आधारमा कुनै किसिमको विभेद गरिने छैन।
- पालिकामा क्षेत्रमा यौन दुर्व्यवहार, हिंसा, गाली गलौजको लागि शुन्य सहनशीलताको रणनीति बनाई पालिका वा वडा कार्यालयमा प्रभावकारी कार्यान्वयन गरिनेछ।
- पालिकाले दिने सेवा सुविधा समय अवधिमानै सकेसम्म छिटो दिनु पर्नेछ। गर्भवती, सुत्केरी, सानो बच्चा सहितको आमा, अपाङ्गता भएको व्यक्ति, जेष्ठ नागरिक वा स्वास्थ अवस्था कमजोर भएका व्यक्तिहरुको लागि प्राथमिकताका साथ छिटो भन्दा छिटो सेवा प्रदान गरिनेछ। यदि केहि अनावश्यक ढिला सुस्ती गरेमा कारवाही गरिनेछ। पालिकाले दिने सेवा सुविधा दिने बेलामा भ्रष्टाचार वा अरु कुनै किसिमको प्रलोवन वा फाईदा लिन खोजेको भेटाएमा कारवाहि गरिनेछ।

Scanned with CamScanner

- पालिकाले दिने सेवा र सुविधामा सबैको समान पहुँच बृद्धि गर्न विभिन्न माध्यम र विधिहरुको प्रयोगबाट सबै नागरिकहरुलाई सुसुचीतिकृत गर्न विभिन्न प्रचार प्रसारको माध्यमहरु र सूचना दिने डेक्सको व्यवस्थाबाट पनि गरिनेछ। नागरिहरुलाई उनीहरुको सूचनाको हक पाएको प्रत्याभुती हुने गरी कार्य गरिनेछ।
- पालिकामा सबैले देख्ने गरी उजुरी पेटिका र सुझाव पेटिको व्यवस्था गरिनेछ। उजुरी परेमा निरुपक्ष न्यायिक समिति गठन गरी न्याय दिने कार्य गरिनेछ। सुझाव संकलन भएमा आवश्यकता अनुरुप समाधान तुरुन्तै गरिनेछ।
- यस्ता क्रियाकलापहरु भएको जानकारी दिन नेपाल प्रहरीको सहयोगको लागि फोन नं १००, बालबालिकाको खोजतलास केन्द्रको लागि फोन नं १०४, बाल हेल्पलाईन नं १०९८, राष्ट्रिय महिला आयोगबाट संचालित महिला हिंसा सम्बन्धी उजुरी गर्नु परेमा फोन नं ११४५ मा गर्ने।

**आज्ञाले**

किरण निधी तिवारी

प्रमुख प्रशासकीय अधिकृत

किरण निधि तिवारी

प्रमुख प्रशासकीय अधिकृत